दर्ता नं. १२२६/०६६/०६७
इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./"घ"/२१/०६७/०६८

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.
# Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्य क्षेत्र भएको)

मिति : २०७६/०३/०८

चलानी.नं :- ६५२/२०७५/०७६

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

विषय :- वार्षिक साधारण सभा सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि. को मिति २०७६/०३/०७ गते शनिवार दिनको १.३० बजे बसेको १३४ औं सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको आठौं वार्षिक साधारण सभा मिति २०७६ साल असाढ ३० गते (सोमवार) गर्ने निर्णय भएको ब्यहोरा जानकारीको लागि अनुरोध छ । साथै साधारण सभामा पेश हुने प्रस्ताव तथा विवरण निम्न अनुसारको रहेने ब्यहोरा अनुरोध छ ।

| विवरण | रकम | अक्षरमा | कैफियत |
|---|---|---|---|
| नगद लाभांश | रु ३,०३,१५७८९ | तीन लाख तीन हजार एक सय सन्ताउन्न रुपैयाँ उनानब्बे पैसा | संस्थाको हाल कायम चुक्ता पूँजी रु २,८८,००,०००/- को १.०५३ कर प्रयोजनको लागि |
| बोनस शेयर | रु ५७,६०,०००।- | सन्ताउन्न लाख साठी हजार | संस्थाको हाल कायम चुक्ता पूँजी रु २,८८,००,०००/- को २० प्रतिशत |
| हकप्रद शेयर | रु १२,६७,२०,०००।- | बाह्र करोड सतसठ्ठी लाख बीस हजार | बोनश शेयर पश्चात कायम हुन आउने चुक्ता पुँजी रु ६,३३,६०,०००।- को १:२ (अर्थात १ कित्ता बराबर २ कित्ता) अनुपातमा |

बार्षिक साधारण सभा प्रयोजनको लागि शेयरधनी दर्ता किताब मिति २०७६/०३/१८ गतेका दिन बन्द गरिने भएकाले नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७६/०३/१७ गते सम्म कायम रहेका शेयरधनीहरु सभामा भाग लिन योग्य हुने छन् ।

[नोट : साधारण सभाको लागि प्रस्तावित प्रस्तावहरु यसै पत्रसाथ संलग्न गरीएको छ ।]

भवदीय,

..........................

श्रीराम पोखेल
कम्पनी सचिव

### आठौं बार्षिक साधारण सभाका लागि प्रस्तावित विषयहरु :-

क) **सामान्य प्रस्तावहरु:-**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत गरिने आर्थिक बर्ष २०७४/०७५ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ असाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व.२०७४/०७५ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाव, इक्वीटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तथा सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक बर्ष २०७५/०७६ को लेखापरीक्षण कार्यका लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरीक्षकको नियुक्त गर्ने तथा निजको पारिश्रमिक समेत निर्धारण गर्ने । ( हाल बहालवाला लेखापरीक्षक श्री एन.बि.एस.एम. एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)

४. संचालक समितिले सिफारीस गरे बमोजिम आ.व. २०७४/०७५ असाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु २,८८,००,०००।- (अक्षरुपी दुई करोड अठासी लाख) को २० प्रतिशत बोनस शेयर वापत रु ५७,६०,०००।- (अक्षरुपी सन्तावन्न लाख साठी हजार) बोनस शेयर वितरण गर्दा लाग्ने वोनस शेयरको कर प्रयोजनार्थ रु ३,०३,१५७।८९ (अक्षरुपी तीन लाख तीन हजार एक सय सन्तावन्न रुपैयाँ उनानब्बे पैसा) नगद लाभांश रकम स्वीकृत गर्ने ।

५. सञ्चालक समितिबाट सिफारीस भए बमोजिम सञ्चालकको बैठक तथा दैनिक भ्रमण भत्ता स्वीकृत गर्ने ।

ख. **विशेष प्रस्ताव**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७४/०७५ को खुद मुनाफाबाट हाल कायम चुक्ता पुँजी रु २,८८,००,०००।- (अक्षरुपी दुई करोड अठासी लाख) को २० प्रतिशतले हुन आउने रु ५७,६०,०००।- (अक्षरुपी सन्ताउन्न लाख साठी हजार) बरावरको बोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

२. संस्थाको अधिकृत पूँजी रु १०,००,००,०००।- (अक्षरुपी दश करोड) बाट बृद्धि गरी रु ३०,००,००,०००।- (अक्षरुपी तीस करोड) पुऱ्याउने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम गत साधारण सभाको निर्णय अनुसार हकप्रद शेयर जारी पश्चात कायम हुने चुक्ता पुँजी रु ५,७६,००,०००।- (पाँच करोड छयात्तर

लाख) मा यस वर्षको बोनस शेयर रु ५७,६०,०००।- (सन्ताउन्न लाख साठी हजार) वितरण प्रश्चात कायम हुन आउने चुक्ता पुँजी रु ६,३३,६०,०००।- (छ करोड तेत्तीस लाख साठी हजार) को १:२ (अर्थात १ कित्ता बराबर २ कित्ता) को अनुपातमा हकप्रद शेयर जारी गर्ने । हकप्रद शेयर जारी गर्दा आउने भिन्न अंक (Fraction) लाई माथिल्लो पूर्ण अंकमा आवेदन दिन पाउने गरी जारी गर्ने र यसरी जारी गर्दा चुक्ता पूँजी बृद्दि हुने भएमा आगामी बार्षिक साधारण सभाबाट सो अनुमोदन गराउने गरी नेपाल धितोपत्र बोर्डमा थप धितोपत्र दर्ता गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गराउने ।

४. संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन (थप/घट) गरी पारित गर्ने ( तिन महले बमोजिम) ।

५. संस्थाले एक वा एक भन्दा बढि उपयुक्त लघुवित्त बित्तीय संस्थाहरु गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) गर्ने प्रयोजनका लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुको पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने र सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ती तथा दायित्वहरुको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता/मूल्याङ्कनकर्ता नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने र अन्य लघुवित्त बित्तीय संस्थाहरुका शाखा कार्यालयहरु खरीद तथा प्राप्ती गर्ने लगायतका आवश्यक सम्पूर्ण कार्यहरु गर्न/गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

६. संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधनमा नियमनकारी निकायहरुबाट थपघट, परिवर्तन वा फेरवदल गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम थपघट, परिवर्तन वा फेरवदल गर्नका लागि संचालक समितीलाई अख्तियारी प्रदान गर्ने ।

ग. विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव



साविक : जनउत्थान सामुदायिक लघुवित्त विकास बैंक लि.
Head Office: Butwal-12, Rupandehi, Phone No.:071-438171, Fax No.:071-438169
E-mail:info@jucbank.com.np, www.jucbank.com.np